मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ९१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ४ गते सोमबार (Monday, 16 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## एक करोड ९१ लाख मतपत्र छपाइ सकियो

**काठमाडौँ, फागुन ३।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६७ जिल्लाका १५५ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ बनाएर ढुवानीका लागि तयारी अवस्थामा राखिएको निर्वाचन आयोगले जनाएको छ।

एक करोड ९१ लाख २४ हजार मतपत्र छपाइ भएर ढुवानी गर्न तयारी अवस्थामा राखिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए। बाँकी १० जिल्लाको पनि मतपत्र छपाइ भएको छ भने प्याकिङ बाँकी रहेको उनले बताए। अब ११ लाख ९९ हजार मतपत्रमात्र छाप्न बाँकी रहेको छ।

# झापा कारागारको ढलले स्थानीयबासी समस्यामा

- नम्बरी जमिन सिमसार बन्यो
- ढल निकासको ३ करोड बजेट फिर्ता जाने अवस्था
- कारागार सार्ने योजना पनि कागजमै सीमित

**पार्थ मण्डल**

**झापा, फागुन ३।** झापा कारागारबाट निस्किने ढल (फोहोरजन्य दुर्गन्धित पानी) मानव बस्तीमा छिरेको १७ वर्ष भयो। कारागारको ढलले एक विगाहा ३ कठ्ठा खेतीयोग्य जमिन पूरै (जलकुम्भी) ले ढाक्दा सिमसारमै परिणत भएको छ। सो ठाउँमा वर्षमा दुई बाली (धान र मकै) खेतीबाट १७ मन उत्पादन हुन्थ्यो।

कारागारको ढलका कारण १७ वर्ष भयो, यो खेतको अन्न मेरो मुखमा नपरेको- भद्रपुर-९की कालिका न्यौपानेले गुनासो पोख्दै भनिन्- 'आफ्नो जमिन हुँदाहुँदै पनि राज्यले हडपेर राखे जस्तो भयो, न ढलको उचित व्यवस्थापन गर्छ, न त जमिनको क्षतिपूर्ति नै दिन्छ।'

खेतीयोग्य जमिन पूरै जलकुम्भीले ढाकेका कारण विषालु सर्पहरू पनि घर आँगनमा पसिरहन्छन्- उनले पीडा सुनाउँदै भनिन्- 'एकातिर दुर्गन्धित पानीका कारण सास फेर्न नै समस्या भइरहेको छ, अर्कोतिर सर्पले डस्ला कि भन्ने ज्यानको डर छ।' यो ठाउँ होचो भूमि भएको कारण बर्खा याममा कारागारको ढल घर आँगनभित्रै पस्छ।

यी समस्या लिएर यहाँका पीडित जनताहरू कयौँपटक कारागार प्रशासनदेखि सीडीओ कार्यालय हुँदै वडा कार्यालय तथा भद्रपुर नगरपालिकाका जनप्रतिनिधि लगायतलाई मौखिक र लिखित रूपमै ध्यानाकर्षण गराइसकेको उनले बताइन्। उनले भनिन्- 'हाम्रो समस्याप्रति जनप्रतिनिधिदेखि सम्बन्धित निकाय उदासीन बन्दा यहाँका जनता आजित भएर बस्नु परेको छ।'

अहिले फेरि चुनाव लागेको छ। संविधानसभादेखि प्रतिनिधिसभा सदस्य गरी चारपटक र दुई/दुईपटक स्थानीय र प्रदेश निर्वाचन भइसक्यो। प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकै आइसक्यो। नेताहरु भोट माग्न घर/घर जान थालिसकेका छन्। तर, नेताहरूले जितेर कुर्सीमा पुगेपछि मतदाताको पीडा बुझ्दैनन्। 'यसपटक त हाम्रो समस्याको समाधान नगर्नेलाई भोट नै दिँदैनौँ'- उनले भनिन्।

त्यस्तै स्थानीय रुपा खड्काको पीडा पनि कम छैन। उनको एक बिगाहा जमिन कारागारको ढलले ढाकिसकेको छ। उनले पनि आफ्नो नम्बरी जमिनमा खेतीपाती गर्न नपाएको बर्षौं भयो। 'ढल छेउछाउको खाली जमिनमा गाईबस्तु चराउँदा दूध पनि बिक्री हुँदैन'- उनले भनिन्- 'गाईले फोहोर घाँस खान्छन् रे !, त्यही भएर ती गाईको दूध खाँदैनौँ भन्छन्, यहाँका स्थानीय जनता।'

कारागारको ढलले निकास नपाउँदा मेरै जमिनमा पुगेर रोकिएको छ। मेरो जमिनसँग टाँसिएको जग्गाधनीले पर्खाल लगाइदिँदा ढलले निकास नपाएको उनको गुनासो छ। 'जनप्रतिनिधि, कर्मचारी, पत्रकारसहित कयौँ व्यक्ति आएर हाम्रो समस्या कान थापेर सुन्छन् र जान्छन्- उनले भनिन्- 'तर, अहिलेसम्म हामीले कसैबाट न्याय पाएका छैनौ, अब त यहाँको समस्या पनि भन्न मन लाग्न छाडिसक्यो।'

कारागारको आफ्नो जमिन हुँदा पनि त्यहाँ नयाँ भवन बनाउन किन यहाँका प्रशासन र जनप्रतिनिधिहरूले पहल नगरेको उनले प्रश्न गरिन्। लक्ष्मीदेवी भट्टराईको घर कारागार पूर्वपट्टि पर्छ। उनको घरको पछाडिबाटै ढल बग्छ। बर्खामा त ढलको भेल घर-आँगनमा आइपुग्छ। दुर्गन्धको त कुरै नगर्दा हुन्छ। दिनरात नाक थुनेर बस्नु परेको छ। 'दुर्गन्धले बिरामी घरका सदस्यहरू झन बिरामी परिरहन्छ'- उनले भनिन्- 'कारागार प्रशासनले ढलको व्यवस्थापन छिटो गरोस् वा हामी बसेको जमिन पनि कारागारले लैजाओस्।'



**तीन करोड बजेट के होला ?**

झापा कारागारको ढल (फोहोरजन्य दुर्गन्धित पानी) व्यवस्थापनका लागि संघीय सरकारले चालूआर्थिक वर्ष २०८१/०८२मा तीन करोड बजेट छुट्याएको छ। सरकारले बजेट छुट्याए पनि कारागारको ढल निकास भने अझै अनिश्चित बनेको छ। कारागारको ढलले पीडित बनेका यहाँका स्थानीयहरू गुहार्ने भनेकै आफूहरूले मत दिएर जिताएका जनप्रतिनिधि नै हुन्।

जनप्रतिनिधिहरूले लामो समयदेखि ढल व्यवस्थापनमा चासो नदेखाइरहेको अवस्थामा २०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापा १ क्षेत्रबाट निर्वाचित नेपाली कांग्रेसका विश्वप्रकाश शर्माले चासो देखाएका थिए। कांग्रेसका महामन्त्री रहेका बेला शर्माको पहलमा बल्लतल्ल तीन करोड बजेट निकासा भयो। बजेट शहरी विकास मन्त्रालयबाट सघन शहरी तथा भवन निर्माण आयोजना झापाको खातामा आइपुग्यो। तर, आयोजनाले अहिलेसम्म ढल निकास गर्ने प्रक्रिया नै अघि बढाएको छैन।

चालूआर्थिक वर्षमा नयाँ १०७ वटा योजनामध्ये आयोजनाले गतभदौ ६ गते २७ वटा योजनाको बोलपत्र आव्हान गरेको थियो। २७ वटामा कारागारको ढल समावेश भएको छैन। २७ वटाको बोलपत्र आव्हान गरेपनि गत भदौ २३ र २४को जेन-जी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारले नयाँ सबै योजना रोक्का राखेको थियो। ती योजनाहरू फुकुवा भई केहीको सम्झौता भए पनि कारागारको ढल व्यवस्थापनको काम चाहिँ अहिलेसम्म अघि बढ्न नसकेको आयोजना प्रमुख प्रदीपकुमार सिंहले बताए।

कारागार ढलको लागि ३ करोड बजेट आएको हो। डीपीआर अध्ययन बिना बजेट निकासा भएकोले कारागारको ढल व्यवस्थापन फिल्ड अध्ययन क्रममै समस्या देखिएको आयोजना प्रमुख सिंहले बताए। कारागार प्रमुख रेवन्त भट्टराईसँगै फिल्ड अध्ययन गरिएको बताउँदै आयोजना प्रमुख सिंहले भने- 'कारागारको ढललाई पूर्वतर्फ निकास दिनुपर्ने हुन्छ, बनाइएको पक्की नालाभित्रबाट लैजाने कि सडक किनारबाट लगेर कहाँ फाल्ने त्यसमै समस्या देखियो।' नालाभित्रबाट (पाइप हालेर वा सिधै माथिबाट स्ल्याप) हालेर लैजाँदा पानी बग्ने स्लोप (पानी सजिलै बग्न सक्ने गरी बनाइएको ढलको सतह) मापन गर्नुपर्ने हुन्छ। त्यसको लागि विस्तृत परियोजना प्रतिवेदन अध्ययन गर्नुपर्ने हुन्छ।

अहिले अवस्थित कारागार होचो भूभागमा छ। 'मापन गर्दा पानी स्वतः तलतिर बग्ने नालाको स्लोप नभएको खण्डमा त्यहाँबाट ढल लैजान सकिँदैन'- आयोजना प्रमुख सिंहले भने- 'त्यसरी लगिएको खण्डमा ठूलो बजेटको आवश्यकता पर्छ, त्यो अहिलेलाई सम्भव छैन।' डीपीआर अध्ययनबाहेक अन्य विकल्प पनि देखिएन। त्यहाँका स्थानीयहरुले पाइप लाइन बिस्तारका लागि जमिन वा ठाउँ पनि उपलब्ध गराउनुपर्ने हुन्छ।

'यो भए मात्र टेन्डर प्रक्रियामा जान सकिन्छ, नत्र प्रक्रिया नै अघि बढाउन मिल्दैन'- उनले भने। ढल निकासका लागि डीपीआर गर्ने योजना बनाएको बताउँदै उनले भने- 'विज्ञसहितको टोलीले डीपीआर तयार गरेपछि मात्र प्रक्रिया अघि बढाउन सकिन्छ, नत्र अहिले आएको बजेट बालुवा पानी हाले सरह हुन्छ।'

त्यस्तै कारागार प्रमुख रेवन्त भट्टराईले विभिन्न प्राविधिक समस्याले ढल व्यवस्थापनका लागि आएको बजेट पनि फिर्ता जाने अवस्थामा पुगिसकेको बताए। कारागारको ढलले आसपासका स्थानीय वर्षौंदेखि पीडित बनेको सर्वविदितै छ। आएको बजेट फिर्ता जानु हुँदैन। बजेट आएको निकायले नै यसतर्फ बढी चासो देखाउनुपर्ने हुन्छ। यसमा कारागार प्रशासनको तर्फबाट गरिने सबै प्रकारको सहजीकरण गरिन्छ। कारागार प्रशासन एक्लै केही गर्न नसक्ने बताउँदै उनले भने- 'एउटा कार्यदल बनाएर अघि बढ्नुबाहेक अन्य विकल्प मैले देखिँन।' विगतमा पनि पाइप हालेर ढल लैजाने योजना अघि बढाइएको थियो। त्यो योजना पनि त्यति बेला सफल हुन सकेन, बजेट खेर गयो।

'कारागारको ढललाई पूर्वपट्टिको खोल्सीमा लगेर फाल्दा पनि विमानस्थलको सुरक्षामा समस्या हुन सक्छ भन्ने कुरा पनि उठिरहेकोले यसको निकासका लागि स्थानीयबासीसहित सबै निकाय एकजुट भए मात्र टुङ्गो लाग्न सक्छ'- उनले भने।

**२०७६ सालको प्रयास पनि असफल**

कारागार प्रशासनले २०७६ सालमा पनि ढल व्यवस्थापनका लागि एउटा योजना अघि सारेको थियो। विभिन्न अवरोधका कारण त्यस बेलाको योजना पनि अधुरै रह्यो।

तत्कालीन कारागार प्रमुख राजेन्द्र निरौलाका अनुसार कारागारलाई पर्खाल बनाउने बजेट आएको थियो। सोही बजेटबाट १० प्रतिशत कन्सल्टेन्सी आयोजना व्यवस्थापन खर्च गर्न मिल्छ भनेर ढलका लागि बजेट छुट्यायौं, प्रक्रिया पनि अघि बढायौं।

ढलका निकासका लागि पाइप पनि खरिद गर्‍यौं। कारागार पूर्व बाटोको सडक नालाभित्र पाइप पनि ओछ्याइयो। तर, पाइपको पानी फाल्ने खोल्सी वडा नम्बर ८मा पर्ने भएकोले वडा कार्यालयले नदिएपछि काम अधुरो रह्यो। कारागारको ढलमा दिसा पिसाब पनि मिसावट हुन्छ कि भनेर त्यहाँका स्थानीय चिन्तित थिए। उहाँहरूलाई बोलाएर दिसा पिसाब बाहेकका खाना पकाउने, नुहाउने, लुगा धुने बाहेकका पानी पाइपलाइनमा हालिँदैन। यो हेर्नका लागि एउटा अनुगमन समिति पनि स्थानीय स्तरबाटै बनाइयोस्। 'त्यो समितिले तीन/तीन महिनामा कारागारभित्र आएर अनुगमन गर्दा हुन्छ भनेर भनेका थियौँ, तर केही स्थानीयले त्यस बेला पनि मानेनन्'- उनले भने।

म सरुवा भएर गएपछि तत्कालीन कारागार प्रमुख

(बाँकी अन्तिम पृष्ठमा)

## आज फाइनलमा मच्छिन्द्र र एपीएफ भीड्दै




**झापा, फागुन ३ ।** सातौं झापा गोल्डकपको उपाधिका लागि मच्छिन्द्र फुटबल क्लब र सशस्त्र प्रहरी बलको एपीएफ फुटबल क्लबले आ-आफ्नो दाबी प्रस्तुत गरेका छन्।

फाइनलअघि बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा आइतबार आयोजित प्रि-म्याच कन्फ्रेन्समा दुवै टोलीका प्रशिक्षक र कप्तानले उपाधि जित्ने लक्ष्यसहित मैदान उत्रिने बताएका हुन्।

पहिलो पटक झापा गोल्डकपको फाइनल यात्रा तय गरेका यी दुई विभागीय टोली उपाधि उचाल्दै प्रतियोगिताको नयाँ इतिहास रच्ने तयारीमा छन्। मच्छिन्द्रका प्रशिक्षक प्रवेश कटवालले अन्य चर्चित प्रतियोगिताभन्दा झापा गोल्डकपलाई प्राथमिकतामा राख्दै पूर्ण तयारीका साथ मैदानमा उत्रिने बताए। उनले मच्छिन्द्रको 'ए' टोली नै फाइनलमा खेलाउने स्पष्ट पार्दै स्थानीय खेलाडीको बाहुल्य र दर्शकको साथले टोलीलाई थप ऊर्जा दिने विश्वास व्यक्त गरे।

एपीएफका प्रशिक्षक राजेन्द्र तामाङले राष्ट्रिय लिगमा उत्कृष्ट प्रदर्शन गरिरहेका र नियमित प्रशिक्षणमा रहेका अनुभवी खेलाडीबाट सशक्त प्रदर्शन हुने अपेक्षा गरे। झापा गोल्डकपलाई लक्षित गर्दै केही समयदेखि विशेष तयारी गरिएको उल्लेख गर्दै उनले उपाधि जित्ने लक्ष्यसहित टोली मैदानमा उत्रिने दावी गरे।

मच्छिन्द्रका कप्तान विशाल श्रेष्ठले टोलीका अधिकांश खेलाडी मैदान र वातावरणसँग परिचित भएकाले घरेलु मैदानमा खेलेझैँ अनुभव हुने बताए। उपाधि जित्नु नै टोलीको पहिलो र स्पष्ट लक्ष्य रहेको उनको भनाइ थियो।

एपीएफका कप्तान हरि कार्कीले आयोजक झापाको टोलीलाई पराजित गर्दै फाइनल पुगेकाले टोलीको मनोबल उच्च रहेको बताए। उनले फाइनलमा उत्कृष्ट प्रदर्शन गर्दै झापा गोल्डकपको इतिहासमा नयाँ कीर्तिमान कायम गर्ने लक्ष्य रहेको उल्लेख गरे।

प्रतियोगिताको बिजेताले नगद १५ लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ७ लाख ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाण-पत्र पाउनेछन्।

प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई यामाहा कम्पनीको मोटरसाइकल प्रदान गरिनेछ। त्यस्तै उत्कृष्ट प्रशिक्षक, स्ट्राइकर र गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउनेछन्।

प्रतियोगिता हेर्न टिकट काट्ने दर्शकमध्ये एकजनाले गोलाप्रथामार्फत यामाहा कम्पनीको स्कुटर प्राप्त गर्ने आयोजकले जनाएको छ। सोमबार हुने फाइनल खेलले सातौं संस्करणको बिजेता टुंगो लगाउनेछ।

## धर्मशिलाका झापा-२ केन्द्रित २० एजेन्डा




**झापा, फागुन ३।** नेपाली कम्युनिष्ट पार्टीकी नेतृ तथा झापा क्षेत्र नं. २ की उम्मेदवार धर्मशीला चापागाँईले झापा निर्वाचन क्षेत्र नम्बर २का लागि २० बुँदे चुनावी प्रतिबद्धता सार्वजनिक गर्दै विकास, सुशासन र समावेशी समृद्धिलाई आफ्नो मुख्य लक्ष्य बनाएको बताएकी छिन्।

प्रतिनिधिसभा सदस्य पदकी उम्मेदवार चापागाँईले 'समुन्नत, न्यायपूर्ण र समृद्ध झापा-२' निर्माण गर्ने संकल्पसहित शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि र रोजगारीका कार्यक्रम अघि सारेकी हुन्।

आइतवारसाँझ बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा प्रतिबद्धता-पत्र सार्वजनिक गर्दै बिर्तामोडलाई शिक्षा, व्यापार र स्वास्थ्य सेवाको क्षेत्रीय केन्द्रका रूपमा विकास गरिने बताइन्। सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि, प्राविधिक शिक्षालय स्थापना र सरकारी क्याम्पसको स्तरोन्नति गर्ने योजनाअघि सारेको उनको भनाइ थियो।

बजार व्यवस्थापनलाई सुदृढ बनाउँदै कृषि उपज संकलन केन्द्र स्थापना गर्ने र अस्पतालहरूको सेवा-सुविधा विस्तार गरी

(बाँकी अन्तिम पृष्ठमा)







# चिल्ड्रेन इन्भारोमेन्टमा पठन, चित्रकला तथा हस्तलेखन उत्सव




**झापा, फागुन ३।** झापाको बिर्तामोडस्थित चिल्ड्रेन इन्भारोमेन्ट स्कूल (सीआईएस)मा विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभाको पहिचान, विकास र प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको तीनदिने पठनकला, चित्रकला तथा हस्तलेखन प्रतियोगितात्मक उत्सव सम्पन्न भएको छ।

'पुस्तकीय ज्ञानसँगै व्यवहारिक ज्ञान' भन्ने नारासहित आयोजित उक्त उत्सव अन्तर्गत प्रतियोगिता सञ्चालन गरिएको प्रिन्सिपल सन्तोष सुब्बाले जानकारी दिए। प्रतियोगितामा कूल ३ सय ८० बिद्यार्थी सहभागी भएका थिए। प्रतियोगिताका क्रममा अभिभावकहरूले आफ्ना बालबालिकाको हस्तलेखन र चित्रकलाको प्रत्यक्ष अवलोकन गर्ने अवसर पाएका थिए।

विद्यालयले सिप, संस्कार र प्रविधियुक्त शिक्षाको अवधारणा अनुसार पठन संस्कृतिको विकास कार्यक्रमलाई निरन्तरता दिँदै उक्त उत्सव आयोजना गरेको जनाएको छ। चित्रकला तथा हस्तलेखन प्रतियोगिताका निर्णायकमा ख्यातिप्राप्त चित्रकार छेतेन शेर्पा र प्रशिक्षक युवराज रिजाल रहेका थिए। कार्यक्रम रोटरी क्लब अफ बिर्तामोड मिडटाउनको सहकार्य तथा प्रायोजनमा सम्पन्न भएको थियो।

उत्सवमा रोटरी क्लब अफ बिर्तामोड मिडटाउनकी अध्यक्ष पुष्पाञ्जली ठकुरी सिन्हा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द कार्की लगायतको उपस्थिति रहेको थियो।

**हस्तलेखन प्रतियोगितातर्फ**

हस्तलेखन प्रतियोगिताको जुनियर समूह (नर्सरीदेखि यूकेजी) नेपाली भाषातर्फ श्रीराज कडरिया प्रथम, श्रीना लामगादे द्वितीय र देवान्स तामाङ तृतीय भएका थिए। सोही समूहको अंग्रेजी भाषातर्फ ग्लोरी बनियाँ प्रथम, नीरा वाइबा द्वितीय र युना धिमाल तृतीय भएका थिए।

सब-जुनियर समूह (कक्षा १ देखि ३ अंग्रेजी भाषातर्फ साइना याम्फु राई प्रथम, मार्भिन राई द्वितीय र रोजन सुवेदी, लक्ष्मी कार्की, सोफिया गुरुङ र नेन्सी बस्नेत तृतीय भएका थिए। नेपाली भाषातर्फ आहाना श्रेष्ठ प्रथम, इभा लामगादे द्वितीय तथा आइन पुडासैनी, श्रुतिका पोखरेल, सिफरा राई र रिभा खड्का तृतीय भएका थिए।

जुनियर समूह 'क' अन्तर्गत आयान आचार्य प्रथम, आरोह रायमाझी द्वितीय तथा सन्साइन माङ्बु, श्रेभ्ना लामगादे र दिवान्स तामाङ तृतीय भए। जुनियर समूह 'ख' अन्तर्गत रोजन सुवेदी प्रथम, अनुजा राजवंशी द्वितीय तथा अक्ष खतिवडा, क्वेसन निरौला र मार्भिन राई तृतीय भएको बिद्यालयले जनाएको छ।

सब-जुनियरतर्फ रितिका राजवंशी प्रथम, रुवी इभा द्वितीय तथा गुञ्जन बस्याल, आरोही श्रेष्ठ र संयोक तामाङ तृतीय भएका थिए। सिनियरतर्फ सदिस्ना भट्टराई प्रथम, सृष्टि तामाङ द्वितीय तथा नामसाङ लिम्बू, प्रेक्षा आचार्य र हेलिना चौधरी तृतीय भएका थिए।

त्यस्तै कक्षा ४ र ५ समूहको अंग्रेजी पठनकलातर्फ प्रनिधि सुवेदी प्रथम भए भने रिहानिका शिवा र आश्ना सापकोटा संयुक्त रूपमा द्वितीय तथा मानवी दाहाल र रायन ढकाल तृतीय भए। पठनकला प्रतियोगितामा सिर्जनशीलता पुरस्कार सृष्टि बस्नेत र किरण श्रेष्ठले प्राप्त गरेका थिए। प्रतियोगिताका निर्णायकमा पत्रकार तुलसीप्रसाद निरौला रहेका थिए। पुरस्कार वितरण कार्यक्रममा बिर्तामोड प्याब्सनका सचिव दीपांकर मैनाली अतिथिका रूपमा सहभागी भएका थिए।

त्यसैगरी चित्रकला प्रतियोगिताको जुनियर समूहमा सुप्रम धिमाल प्रथम, सुसाना सेन्चुरी द्वितीय तथा एजलिना तामाङ, आरब तामाङ र श्रीराज कडरिया तृतीय भएका छन्। सब-जुनियर समूहमा आर्यन राई प्रथम, साइना याम्फु राई द्वितीय तथा लक्ष्मी कार्की, अभय लिम्बू र तेरिना लिम्बू तृतीय भएका हुन्।

अर्को समूहमा प्रनव शंकर प्रथम, श्रुतिका पोखरेल द्वितीय तथा विवेक बस्नेत, प्रिन्स राई र क्याल्बिन मगर तृतीय भए। सिनियर समूहमा सुभम् गुरुङ प्रथम, प्रमिश सुवेदी द्वितीय तथा पल लिम्बू, सिमोस तामाङ र हुयल्साङ तामाङ तृतीय भएका छन्।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई नगद पुरस्कार, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको थियो। विद्यालय बाल क्लबकी अध्यक्ष अब्नी विश्वकर्माको सभापतित्वमा सम्पन्न पुरस्कार वितरण कार्यक्रममा पुष्पाञ्जली सिन्हा र तुलसी निरौला अतिथिका रूपमा सहभागी थिए।

कार्यक्रममा एड्रिना आचार्यले स्वागत मन्तव्य राखेकी थिइन् भने कार्यक्रम सञ्चालन पल लिम्बू, पल्पसा श्रेष्ठ, हिमानी तिवारी, प्रयुष आले, सृष्टि तामाङ र समता खरेलले संयुक्त रूपमा गरेका थिए। विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक दिनेशराज शर्माका अनुसार कार्यक्रमले विद्यार्थीहरूको सिर्जनशीलता, आत्मविश्वास र शैक्षिक विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ।

शिक्षक अभिभावक संघका अध्यक्ष कार्कीले यस्ता कार्यक्रमले विद्यार्थीमा लुकेका प्रतिभालाई उजागर गर्नुका साथै समग्र व्यक्तित्व विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरेका थिए।

## बंगलादेशजस्तै परिणाम नेपालमा पनि दोहोरिने दावी

**झापा, फागुन ३।** नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा हुने आगामी निर्वाचनको परिणाम बंगलादेशको जस्तै आउने दावी गरेका छन्।

झापाको भद्रपुर बिमानस्थलमा आइतवार पत्रकारहरुसंग कुराकानी गर्दै उनले फागुन २१मा हुने निर्वाचनको मत परिणामा बंगलादेशको निर्वाचनसँग मिल्दोजुल्दो हुने दाबी गरेका हुन्। उनले बंगलादेशको निर्वाचन परिणामलाई उदाहरणका रूपमा उल्लेख गर्दै नेपालमा पनि जनमत स्पष्ट रूपमा अभिव्यक्त हुने विश्वास व्यक्त गरे।

काठमाडौंबाट आफ्नो निर्वाचन क्षेत्र झापा-५ आउने क्रममा उनले सामाजिक सञ्जालमा चर्चित व्यक्तिहरू पराजित हुनु र आन्दोलनबाट उदाएका दल अपेक्षाकृत कमजोर बन्नु लोकतान्त्रिक प्रक्रियाकै हिस्सा भएको टिप्पणी गरे। अध्यक्ष ओलीले बंगलादेशका बिजयी पक्षलाई बधाई दिँदै त्यहाँको निर्वाचनले मतदाताको मनोभाव स्पष्ट पारेको बताए।

नेपालको सन्दर्भमा भने उनले अझै पनि पूर्ण रूपमा विश्वस्त र सहज चुनावी वातावरण निर्माण भइनसकेको तर्क गरे। पार्टीले निर्वाचन तयारीलाई तीव्र बनाएको छ, तर सबै पक्ष ढुक्क हुने अवस्था सिर्जना गर्न थप पहल आवश्यक छ- उनले भने। अध्यक्ष ओलीले निर्वाचन केन्द्रित कार्यक्रम अन्तर्गत झापा जिल्लाको क्षेत्र नं. ५का विभिन्न स्थानमा मतदातासँग भेटघाट गरिरहेका छन्।

यस क्रममा उनले कमल, गौरादह र गौरीगञ्जका मतदातासँग प्रत्यक्ष संवाद गरिसकेका छन् भने अब चुनावी गतिविधि दमक केन्द्रित हुने जनाइएको छ।

## सुखानी सन्देश म्यागेजिन बिमोचन



**भद्रपुर, फागुन ३।** झापामा सुखानी सन्देश म्यागेजिनको वैदेशिक रोजगार विशेषांक बिमोचन गरिएको छ।

वैदेशिक रोजगारका क्षेत्रका समस्या, चुनौति र त्यसका समाधानका बिषयहरुलाई समेटेर तयार गरिएको म्यागेजिन आइतवार भद्रपुरमा विमोचन गरिएको हो। प्रेस क्लव भद्रपुरको आयोजनामा भएको कार्यक्रमकाबीच म्यागेजिनको विमोचन गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रेस इन्स्टीच्यूटका अध्यक्ष तथा वरिष्ठ पत्रकार तीर्थ कोइरालासहित अतिथिहरुले सामुहिक रुपमा म्यागेजिनको विमोचन गरेका थिए। सुखानी सन्देश साप्ताहिकले प्रकाशन गरेको म्यागेजिनको सम्पादक/प्रकाशक राजु पाठक रहेका छन्। नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले म्यागेजिनको समीक्षात्मक चर्चा गरेका थिए। प्रमुख अतिथि कोइराला, नेपाल पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, नेपाल पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी, वैदेशिक रोजगार व्यवसायी संघ झापाका अध्यक्ष धनबहादुर पन्धाक, महासंघ झापाका पूर्वअध्यक्ष तारामणि सापकोटा, सञ्चारिका समूह झापाकी अध्यक्ष लीला अनमोल लगायतले शुभकामना व्यक्त गरेका थिए। प्रेस क्लव भद्रपुरका अध्यक्ष राजबाबु शंकरको अध्यक्षतामा कार्यक्रम भएको थियो।

कार्यक्रममा स्वागत प्रेस क्लव भद्रपुरका महासचिव भेषराज नेपालले गरेका थिए। कार्यक्रमको सञ्चालन प्रेस क्लव भद्रपुरका उपाध्यक्ष रोहित काफ्लेले गरेका थिए। १३० पृष्ठको म्यागेजिन रंगीन कलेवरमा प्रकाशित छ।

## 'राजनीतिमा शिक्षित युवा आवश्यक'

**विर्तामोड, फागुन ३।** नेपाली कांग्रेसका नेताहरुले वीपी कोइरालाले युवाहरुलाई राजनीतिमा अत्यन्तै महत्व दिएको उल्लेख गर्दै अवको राजनीतिमा शिक्षित एवम् प्रविधिमा दक्ष युवाहरुको आवश्यकता औंल्याएका छन्।

नेपाली कांग्रेस झापा क्षेत्र नं. २ निर्वाचन परिचालन समितिको आयोजनामा बिर्तामोडमा सम्पन्न नेविसंघ, तरुणदल एवम् युवाहरुको भेलालाई सम्बोधन गर्दै उनीहरुले यस्तो आवश्यकता औंल्याएका हुन्।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले पार्टीमा नेतृत्व परिवर्तन गर्नुपर्ने युवाहरुको मागलाई नेपाली कांग्रेसले सम्बोधन गरेको बताउँदै अब युवाहरुलाई देशको नेतृत्वमा पुऱ्याउने काममा प्रभावकारी भूमिका खेल्न मतदाताहरुलाई आग्रह गरे। 'अब शिक्षित, पढेलेखेका र आइटीमा दक्ष युवा जनशक्ति राजनीतिमा आउनुपर्छ'- नेता शिवाकोटीले भने।

कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य उमा शिवाकोटीले अहिले फिजिकल भन्दा डिजिटल प्रचार-प्रसार बढी प्रभावकारी देखिन थालेको बताउँदै रुख चिन्हबाहक उम्मेदवारले चुनाव जित्नेगरी डिजिटल प्रचार-प्रसार गर्न युवाहरुलाई आग्रह गरे।

कार्यक्रममा कोशी प्रदेशका सभापति उद्धव थापाले ब्यक्ति होइन विचार बलवान हुन्छ भन्ने सीके प्रसाईको मान्यता र वीपीको विचार कांग्रेसको राजनीतिक आधार भएको बताउँदै बदलिएको कांग्रेसलाई देशको नेतृत्वमा पुऱ्याउने कार्यमा भूमिका खेल्न युवाहरुलाई आग्रह गरे।

कार्यक्रममा नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं. २का उम्मेदवार सरिता प्रसाईले नेविसंघ, तरुण दल र युवाहरु पार्टीको मेरुदण्ड भएको चर्चा गर्दै आफू नेविसंघ, तरुण दलमा संगठित हुँदै पार्टी राजनीतिमा पुगेको बताइन्।

नेपाली कांग्रेस झापा क्षेत्र नं. २का सभापति एवम् निर्वाचन परिचालन समितिका संयोजक खगेन्द्र मैनालीले भेलाको औचित्यमाथि प्रकाश पारेका थिए।

नेपाली कांग्रेस कोशी प्रदेश सदस्य रञ्जिता कार्की, मिरा खड्का, महासमिति सदस्य सीता पौडेल, नेपाली कांग्रेस झापा सचिव कृष्ण हुमागाँई, नेपाल प्रेस युनियन केन्द्रीय सचिव रेजिना गौतम, तरुण दल केन्द्रीय सदस्य सजेश शिवाकोटी, विद्यार्थी नेता मिलन चापागाँई, किरण गुरुङ, एलेक्स मैनाली, नेपाली कांग्रेस २ ख का सभापति किरण श्रेष्ठ, अर्जुनधारा नगर सभापति हेमराज खरेल, बिर्तामोड नगर सभापति भोजराज सिटौला लगायत नेविसंघ र तरुण दलका युवाहरुको उल्लेख्य उपस्थिति रहेको कार्यक्रमको सहजीकरण २ नम्बर क्षेत्रीय सचिव चन्द्र चुडालले गरेका थिए।

## झापा ...

राजेन्द्र गौतमले सडकमा राखिएको पाइप उठाएर कारागारमा लगेर थन्क्याए। उनले पनि ढल निकासका लागि केही प्रयास गरेका थिए। कारागारको ढल बाटो दक्षिणी पट्टि एयरपोर्टले बनाएको नालै नालाबाट लैजान काम अघि बढाइयो। ढल त्यो नालामा हालियो पनि। तर, विमानस्थलको सुरक्षाका कारण नागरिक उड्डयन कार्यालय चन्द्रगढीले तत्काल रोक लगायो। र, बढिसकेको काम पनि रोकिएको कारागार प्रशासनले जनाएको छ।

**ह्युमपाइप फुट्दा स्थानीयले दिए लगाउन**

कारागार पूर्वपट्टि प्रज्ञा एकाडेमी स्कुल जाने सडक पर्छ। अहिले त्यो सडकको अवस्था पनि जीर्ण बनेको छ। सडकको बीच भागमा लगाइएको ह्युम पाइपको ठाउँ-ठाउँमा भ्वाङ परेको छ। सडकको बीच भागमै भ्वाङ पर्दा दुर्घटनाको जोखिम पनि त्यतिकै बढेको छ।

त्यो ह्युमपाइप हटाएर नयाँ ह्युम पाइप लगाउन नगरपालिकाका कर्मचारी, जनप्रतिनिधिसहित त्यहाँ गएका थिए। तर, स्थानीयले ह्युमपाइप लगाउन नै दिएनन्। उनीहरूको अवरोध पछि ह्युम पाइप नलगाई कर्मचारी र जनप्रतिनिधि फर्किएको नगरपालिकाका इञ्जिनियर योगेन्द्र रञ्जिकारले बताए।

यता स्थानीय कालिका न्यौपाने भन्छिन्- सडकमा लगाइएको ह्युम पाइम हामीले लगाएको हो। एउटा खेतको पानी अर्को खेतमा पठाउन २०५८ सालमा ह्युमपाइप लगाएका थियौं। अहिले त्यो ह्युमपाइपबाट ढल बगिरहेको छ। 'फेरि पनि ढल बग्नलाई ह्युम पाइप फेर्न कहाँ दिन्छौं त ?- उनले भनिन्- 'ह्युम पाइप एउटै शर्तमा लगाउन दिन्छौं, कारागारको ढल अन्यत्रबाट लैजानु पऱ्यो।'

**कारागार सार्ने योजना पनि कागजमै सीमित**

क्षमताभन्दा झण्डै दुई गुणा भन्दा बढी कैदीबन्दी रहेको झापा कारागारलाई सुविधाजनक ठाउँमा स्थानान्तरण गर्ने पहल पनि त्यतिकै रोकिएको छ।

वि.सं. २०२०मा भद्रपुर-९मा बनेको झापा कारागारको शुरुको क्षमता २५० थियो। एकपछि अर्को गरी भवन थपिँदै गएपछि अहिले कारागारको क्षमता ७५० पुगेको छ। हाल एक हजार ६३९ कैदीबन्दी रहेका छन्। कारागारभित्र पुरुष एक हजार ५६३ र महिला ७६ महिला कोचाकोच गरी बस्दै आएका छन्। क्षमताभन्दा बढी कैदीबन्दी राखिएको यस कारागारलाई अन्यत्र सार्नुपर्छ भनी २०७६ सालमै कुरा उठाइएको थियो।

तत्कालीन प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले कारागारलाई सुविधाजनक ठाउँमा सार्नुपर्छ भन्दै लागी परे। प्रजिअ रानाको अध्यक्षतामा गठित स्थानीय सिफारिस समिति झापाको बैठकले झापा कारागारलाई भद्रपुर नगरपालिका-१० कलबलगुढीस्थित स्थानीय विकास प्रशिक्षण केन्द्रको जग्गामा स्थानान्तरण गर्न सिफारिस गरेको थियो। बैठकले प्रशिक्षण केन्द्रको नाममा रहेको कित्ता नम्बर २४७को ३२ बिगाहमध्ये उत्तर पूर्वतर्फको १० बिगाहा जग्गामा झापा कारागार स्थानान्तरण गर्नुपर्ने निर्णयसहितको सिफारिस गृह मन्त्रालयमा पठाएको थियो।

गृह मन्त्रालय आन्तरिक प्रशासन, सवारी सभा समारोह व्यवस्थापन शाखाको २०७६ माघ ८ गतेको पत्रबाट झापा कारागार कार्यालयलाई भवन तथा बन्दीगृह निर्माणका लागि आवश्यक पर्ने स्थानीय विकास प्रतिष्ठान, ग्रामीण विकास प्रशिक्षण केन्द्र कलवलगुडी झापाको नाममा रहेको १० बिगाह जग्गा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराउने सहमति प्राप्त हुन आएकोले उक्त जग्गा कानून बमोजिम दाखिलखारेज गरी लिन २०७६ माघ ८ गतेको मन्त्रिपरिषद् स्तरीय निर्णय अनुसार यस मन्त्रालयको सहमतिसहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमतिको छायाप्रति २०७६ माघ २ गते समेत यसै साथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ भनी लेखी आएको हुँदा उक्त साबिक चन्द्रगढी-१ हाल भद्रपुर १० कलवलगुढी झापामा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ग्रा.वि.प्र.के. को नाममा रहेको कि.न. २४७ ज.वि. ३२-१०-० मध्ये उत्तरपूर्व तर्फबाट ज.वि १० बिगाहा जग्गा झापा कारागार कार्यालय भद्रपुरको भवन तथा बन्दीगृह निर्माण गरी कारागार स्थानान्तरण गर्नको लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धित कार्य नीति २०७१को दफा ३ को उपदफा ३ बमोजिम जग्गा दा.खाको लागि भूमि सुधार तथा मालपोत कार्यालय भद्रपुरमा प्रजिअ रानाको स्थानीय सिफारिस समितिले निर्णय गरी पठाएको थियो।

त्यसपछि नापी कार्यालयबाट जग्गाको कित्ताकाट गरी भूमि सुधार तथा मालपोत कार्यालयले झापा कारागार कार्यालय भद्रपुरलाई २०७६ माघ १० गते जग्गाधनी दर्ता प्रमाणपुर्जा उपलब्ध गराएको थियो।

हालको कारागार रहेको स्थानभन्दा करिब ३ किलोमिटर पश्चिममा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको १० बिगाहा जग्गामा कारागार स्थानान्तरण गर्ने पहल पनि गरिएको थियो।

हाल अवस्थित कारागार परिसर एक बिगाह क्षेत्रफलमा छ। कारागारको आफ्नो स्वामित्वमा चार कट्ठा तीन धुर जग्गा मात्र छ। यथास्थानमा कारागारको नयाँ भवन बनाउन जग्गा अपर्याप्त हुने भएको हुँदा नयाँ स्थानमा लैजानुपर्ने भन्दै त्यस बेलाको प्रजिअ रानाको अध्यक्षतामा गठित समिति लागीपरेका थिए।

ढल निकासको समस्या बढेर कारागार वरपरको गाउँ दुर्गन्धित भएकोले स्थानीयवासीले कारागार सार्न लगातार दबाब दिँदै आएका थिए। कारागारको छत चुहिने भएको कारण बर्खामा कैदीबन्दी छाता ओढेर सुत्नुपर्ने अवस्था छ। कारागारभित्र शौचालयको असुविधा र फोहरमैलाको समस्या बढेको छ। शौचका लागि निकै समय कुर्नुपर्ने र खाटमा सुत्न पालो पर्खनुपर्ने जस्ता समस्याका कारण कारागार सार्न समिति जुरमुराएको थियो। तर, प्रजिअ रानाको सरुवासँगै कारागार सार्ने योजना बिस्तारै विस्तार सुस्ताउँदै गयो। अहिले त सार्ने कुरा त्यसपछिका प्रजिअले गरेको पनि छैनन्। कारागारको नाममा आएको जमिन पनि त्यतिकै छ।

कारागार प्रमुख भट्टराई भन्छन्- 'कारागारको जमिन त्यतिकै छ, बजेट अभावले घेराबारा पनि गर्न पाइएको छैन।' स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले कारागारको जग्गा लिजमा दिएकोले त्यहाँका कृषकले खेतीपाती लगाएको अवस्था छ।

यो कारागारको प्रमुख समस्या नै क्षमता र ढल निकास भएकोले कारागार सार्नु बाहेकको अन्य विकल्प नरहेको उनको भनाइ छ। त्यस्तै सघन शहरी तथा भवन निर्माण आयोजना झापाका प्रमुख प्रदीपकुमार सिंहले पनि कारागार अन्यत्र सार्नुपर्ने बताएका छन्। यहाँ ३ करोड बजेट लगाएर ढल निकास गर्नुभन्दा आफ्नै जमिनमा नयाँ भवन बनाउँदा राम्रो हुन्छ। बरु यसको लागि सबै मिलेर पहल गर्नुपर्ने उनको भनाइ छ।

## धर्मशिलाका ...

स्वास्थ्य सेवा सर्वशुलभ बनाउने लक्ष्य राखिएको उनको भनाइ छ।

सार्वजनिक गरिएको प्रतिबद्धता पत्रमा भौतिक पूर्वाधारतर्फ महेन्द्र राजमार्गदेखि मदन भण्डारी राजमार्गसम्म जोडिने सडक सञ्जाल स्तरोन्नति गर्ने, बिरीङ खोलामा पुल निर्माण गर्ने योजना अघि सारिएको छ। धार्मिक तथा प्राकृतिक पर्यटन प्रवर्द्धनका लागि अर्जुनधारालाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने तथा सालबारी र निचाझोडा क्षेत्र संरक्षणमार्फत स्थानीय रोजगारी सिर्जना गर्ने प्रतिबद्धता जनाइएको छ। चारपाने दक्षिण क्षेत्रमा औद्योगिक कोरिडोर निर्माण गरी स्वदेशी रोजगारी विस्तार गर्ने योजना पनि समेटिएको छ।

चापागाँईले भ्रष्टाचारबिरुद्ध शून्य सहनशीलताको नीति अपनाउने बताएकी छन्। मिटरब्याज पीडित किसान र मजदुरका लागि कानूनी पहल, भूमिहीन नागरिकका अधिकार सुनिश्चित गर्न भूमि सम्बन्धी कानून संशोधनको पहल, तथा महिला, दलित र अल्पसंख्यक समुदायको अधिकार संरक्षणका कार्यक्रम अघि सारिएका छन्।

कृषि क्षेत्रमा पशुपालन, सुपारी र तरकारी खेतीलाई प्राथमिकता दिँदै सहकारी संरचना सुधार गर्ने योजना छ। सिमसार र नदी संरक्षणमार्फत वातावरण जोगाउने तथा 'एक वडा, एक पुस्तकालय' अवधारणा कार्यान्वयन गरिने उल्लेख छ। साथै, झापा-२लाई सूचना प्रविधिमैत्री क्षेत्र बनाउने लक्ष्यसहित निःशुल्क वाइफाई सेवा र डिजिटल प्रणाली बिस्तार गरिने प्रतिबद्धता जनाइएको छ।

चापागाँईले आफ्नो राजनीतिक अनुभव र स्पष्ट दृष्टिकोणका आधारमा मतदातासँग सहयोग र समर्थनको अपिल गर्दै झापा-२को दिगो विकासमा सहकार्य गर्न आव्हान गरेकी छन्।

पत्रकार सम्मेलनमा पार्टीका केन्द्रीय सदस्य हरिकुमार राना, ज्योतिसिंह दर्लामी, डाक्टर विष्णुप्रसाद मिश्र, रुपध्वज साउदेन, पवन तिम्सिना लगायत सहभाग थिए। पत्रकार सम्मेलनको सञ्चालन बासु दुलालले गरेका थिए।










श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

**पूर्वाञ्चल**

**सम्पादकीय**

## ‘लापसे’ दुर्घटनाको कारक नहोस्

**लागूपदार्थ सेवन सवारी दुर्घटनाको प्रमुख कारक बन्दै गएको सन्दर्भमा ट्राफिक प्रहरीले नयाँ रणनीति प्रयोग गर्न थालेको छ । मादक पदार्थ सेवन गरे/नगरेको परीक्षण हुन थालेपछि प्रयोगकर्ताहरु लापसे अर्थात् लागूपदार्थ सेवन गर्न लागेका कारण पछिल्लो समय सवारी दुर्घटना पनि बढ्दै गएको प्रहरीको तथ्यांक छ । लापसे गरेर सवारी चलाउँदा दुर्घटनाको जोखिम मापसेबाट भन्दा बढी अर्थात् उच्च रहेको ट्राफिक प्रहरीको भनाइ छ । मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा चालकले आफ्नो गति र सडक क्षेत्रको अवस्था बारे होस पुऱ्याउन सक्दैन र दुर्घटना हुने र बढ्ने गरेको तथ्यांकले पनि देखाएको छ ।**

**लागूपदार्थ सेवन दुर्घटना बढाउने कारकतत्व मध्येको प्रमुख हो । यसबाट चालकको सोच्ने र निर्णय लिने क्षमतामा गम्भीर असर पर्छ । त्यस्तै लापसेको नशामा चालकले आफूले चलाएको सवारीको गति सन्तुलनमा राख्न सक्दैन जसका कारण गति अनियन्त्रित भई दुर्घटना हुनसक्छ । लापसेले गर्दा चालकको ध्यान सवारी र आफ्नो जिम्मेवारीबाट अलग हुन्छ । सडक नियमको पालना गर्न सक्दैन र दुर्घटनाको जोखिम बढ्छ । लापसेले निर्णय क्षमता कमजोर बनाउँछ र सवारी दुर्घटना हुन्छ । विगतमा भएका दुर्घटनाको अनुसन्धान गरेका र सवारी दुर्घटना न्यूनीकरणको प्रयास गरिरहेको ट्राफिक प्रहरीको अध्ययन अनुसार पछिल्ला दुर्घटनामा लापसे नै प्रमुख कारण रहेको तथ्यांकले देखाएको कोशी प्रदेश प्रहरी कार्यालयले समेत उल्लेख गरेको छ ।**

**सडक दुर्घटना अहिले विश्वका धेरै देशहरुको ठूलो र साझा समस्याका रुपमा देखा परेको छ । त्यसमा पनि कम विकसित देशमा विकसित देशको तुलनामा बढी दुर्घटना हुने गरेको विभिन्न तथ्यांकले देखाएको छ । यस्ता दुर्घटनामा निम्न आय भएका मानिस र महिलाको तुलनामा बढी पुरुषहरु प्रभावित हुने गरेका छन् । सवारी दुर्घटना बढेसँगै मापसे परीक्षण गर्न थालेको ट्राफिक प्रहरीलाई नयाँ चुनौती थपिएको छ । प्रहरीको कडाइपछि मापसे गरी सवारी चलाउने प्रवृत्ति त घट्यो तर दुर्घटनाको श्रृंखला रोकिएन । यसले चालकको प्रवृत्ति लापसेको नयाँ लत बसेको तथ्यांक र परीक्षणले देखाएको छ ।**

**जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले पनि लापसेको प्रवृत्ति बढेको जनाएको छ । भारतसँग सीमाना जोडिएका झापाका विभिन्न नाकाबाट भारत जाने र लापसे गरेर फर्किने गरेको लापसे चेकजाँचका क्रममा फेला परेको ट्राफिक प्रहरीको भनाइ छ । लापसे परीक्षणका लागि आवश्यक उपकरणको कमीका कारण सबै नाकामा नियमित चेकजाँच नहुँदा यस्तो प्रवृत्ति बढेर जानु चिन्ताको विषय हो । यसै पनि खुल्ला सीमाका कारण झापा लागूपदार्थको ओसारपसार, कारोबार र सेवनको उच्च जोखिममा छ, त्यसमा पनि परीक्षण गर्ने पर्याप्त स्रोत र साधन नहुँदा जीवनसँगै देशकै भविष्य असुरक्षित छ । यद्यपि झापा प्रहरी प्रमुख बसुन्धरा खड्काले चेकजाँचलाई कडाइ गर्ने बताएकी छन् । तथापि दीर्घकालीन योजना बिना नियन्त्रण कठिन हुन्छ । त्यसले दुर्घटनाका अन्य कारण सडकको अवस्था लगायतका विषयलाई समेत ध्यानमा राखी सुधारका उपाय अपनाउन ढिला गर्नुहुँदैन ।**

# जसले सटिक एजेन्डा सुनाउँछ उसैले चुनाव जित्छ



**भुवन तामाङ**




फागुन २१ को आम निर्वाचन नजिकिँदैछ। गाउँघर, शहर बजारमा चुनावी रौनक बढिसकेको छ। राजनीतिक पार्टीका नेताहरु मतदाता भेट्ने अभियानमा निस्किएका छन्। मतदाताहरु पनि चाखपूर्वक अवलोकन गरिरहेका छन्। यसपालीको चुनाव अलि भिन्न प्रकृतिको छ। पुराना दलहरु र नयाँदलहरु बीच घमासान प्रतिस्पर्धा हुनेवाला छ। पुरानाका लागि पुरानै बिरासत जोगाउनु पर्नेछ भने नयाँले संसद र सत्तायात्राको औचित्य पुष्टि गर्नुछ। यस अर्थमा यी पुराना र नयाँले खास एजेन्डा मतदाताका अगाडि राखेका देखिएका छैनन्। पुरानालाई पुराना या अनुभवी भएकै कारणमात्र भोट दिनुपर्ने हो ? र नयाँलाई नयाँ भएकै कारण भोट दिनु पर्ने हो ? जनता रनभुल्लमा परेका छन्।

**खोइ त भिजन तथा योजनाहरु ?**

कसैले पनि अहिलेसम्म चुनावी घोषणापत्र सार्वजनिक गरेका छैनन् किन होला ? के पार्टीहरुमा देशका लागि राम्रो योजना बनाउन सक्ने नेता, विज्ञ या जनशक्तिहरु छैनन् ? एक वर्षमा नेपाललाई कस्तो उचाईमा पुऱ्याउने ? तीन, पाँच, दश, पन्ध्र र पच्चीस वर्षमा देशलाई कुन देश जस्तो स्तरमा पुऱ्याउने ? र पचास र सय वर्षमा नेपाल कस्तो बन्छ यस्ता भिजन, मिसन, गोल, उद्देश्य, लक्ष्य र रणनीति रचना गर्न सक्ने नेपालका पार्टीहरुमा अनिकाल परेकै हो त ? नेताहरुले व्यक्तिगत धारणा भने राखेका पाइन्छन्, तर व्यक्तिगत धारणाले देश विकास हुँदैन पार्टीगत योजनाहरु चाहिन्छन् जसलाई सबैले अपनत्व महशुस गरेको हुनु पर्दछ।

**कान पकाउने एजेन्डा ?**

एजेन्डा त कान पाक्ने गरी २००७ साल अघिदेखि नै सुन्दै आएका छन् नेपालीहरुले। सायद ती एजेन्डाहरुले काम नगरेर नै होला पञ्चायत शासन ढलेको। २०४८ पछिका एजेन्डाले पनि त्यति राम्रो काम गरेन होला र नै २०६२/०६३ मा परिवर्तन भयो। यो परिवर्तनपछिको एजेन्डाले पनि काम गरेन होला र नै २०८२ मा जेन-जी आन्दोलन भएको होला। यी परिदृष्यले के जनाउदछ भने नेपाली राजनीतिक दल तथा तीनका नेताहरु नेपाल र विश्वको परिवेश सुहाउँदो एजेन्डा डिजाइन गर्न जान्दैनन्। तर, देशमा परिवर्तन र उपलब्धी नभएका भने होइनन्। केवल समयानुकल तथा विश्वको रफ्तार अनुसार भएन अर्थात् नयाँ-नयाँ पुस्ताहरुका शिक्षा, ज्ञान, सीप, प्रतिभा, बुद्धिमत्ता, सोच, आकांक्षा र रफ्तार अनुसार उपलब्धी भएनन्। पर्याप्त रोजगारीका अवसरहरु सिर्जना भएनन्। आम्दानीका स्रोतहरु भएनन्। परिणाम स्वरुप नयाँ पुस्ताहरु विदेशिन बाध्य भएका छन् र आन्दोलित भएका छन्।

**के नयाँले सटिक एजेन्डा ल्याउलान् त ?**

नयाँ भनेर टड्कारो रुपमा देखिएको राष्ट्रिय स्वतन्त्र पार्टीले अहिलेसम्म आफ्नो आधिकारिक एजेन्डा सार्वजनिक गरेको छैन। आसन्न निर्वाचनका एक उम्मेदवारले भने हाम्रा एजेन्डा अरुले कपी गर्लान् भनेर एजेन्डा नभनेको। पार्टीका एक वरिष्ठ नेताले चाहिँ भने गरीबका छोराछोरीले निःशुल्क पढ्न पाउनुपर्छ र पैसा हुनेले व्यापार गर्न पाउनुपर्छ। यो कुन नयाँ एजेन्डा भयो र ? यो काम त धेरै पहिलेदेखि नै भइआएकै छन्। नयाँ पुस्ता हा हा हु हु गर्दै फुर्किएर निर्वाचनमा होमिएका देखिन्छन्। उनीहरुले पनि समयानुकूल एजेन्डा डिजाइन गर्लान् जस्तो छैन।

बरु उज्यालो नेपाल पार्टीले भने जलविद्युत विकासका माध्यमबाट देशमा प्रचुर मात्रा धन आर्जन गर्न सकिन्छ र त्यो धन देशको विकास र सामाजिक क्षेत्र जनकल्याणका लागि खर्च गरी जनतालाई खुशी र सुखी बनाउन सकिन्छ भन्ने भिजन सुनाइसकेको छ। यसका साथै देशका वन पैदावार नदीजन्य लगायतका ढुंगा बालुवा गिटी निर्यात गरी प्रचुर धन आर्जन गर्न सकिने योजना सुनाएको छ। त्यसैगरी श्रम संस्कृति पार्टीले श्रम गरेर देश बनाउने एजेन्डा सुनाएको मात्र होइन प्रयोगात्मक काम गरेर देखाइ नै दिइसकेको छ। पुराना ठूला पार्टीका एजेन्डाहरु प्रष्टरुपमा आएका छैनन्। जुन सुनाइँदैछन् ती सरदर खालका छन्। ट्रिगरिङ, एक्सन ओरिन्टेड र मच मनीअर्निङ् गर्ने टाइपको एजेन्डा चाहिन्छ भावी दिनका लागि।

**नयाँ एजेन्डा यस्तो हुनुपर्दछ :**

नयाँ एजेन्डा निर्यातमुखी हुनुपर्दछ। सबैजसो सरोकारवालाहरुले भन्ने गर्छन् कि, योजना र बजेटहरु उत्पादनसँग जोडिनु पर्दछ, तर कसैले पनि उत्पादनलाई निर्यातसँग जोड्नुपर्छ भनेको सुनिँदैन। नेपालीहरुको सोचको परिधी निकै नै कमजोर छ। उत्पादनलाई निर्यातसँग जोड्न सक्यो भने मात्र देशमा खर्चभन्दा आम्दानी बढी हुनसक्छ, आयातभन्दा निर्यातको रेसियो बढी हुनसक्छ, देशमा धन बचत हुन्छ र जनतालाई सुविधाहरु थप गर्न सकिन्छ।

जसरी भारत, चीन, जापान, अमेरिका तथा युरोप लगायत विकसित देशहरुले उत्पादनलाई निर्यातसँग जोडेर धन आर्जन गर्दछन् र जनतालाई सामाजिक सुविधा दिन्छन्। भारतमा किसानहरुलाई सरकारले अनुदान दिन्छ। अनुदान कृषिकै आम्दानीबाट मात्र नभएर औद्योगिक उत्पादन निर्यातबाट गरिएको आम्दानीबाट किसानलाई सहयोग गरिन्छ। तसर्थः नेपालमा पनि एजेन्डा निर्यात केन्द्रित हुनुपर्दछ।

**उत्पादन भन्नाले भौतिक सामग्री मात्र होइनन् :**

आजको जमाना कम्प्यूटिङ्ग, कोडिङ्ग, एल्गोरिदम, एआई र प्रबिधि आबिष्कार र विकास हो। नेपालबाट कम्प्यूटर सफ्टवेयर र एप्स् निर्यातबाट वर्षेनि छब्बीस अर्बभन्दा धेरै धन आर्जन गरिरहेको समाचार पढ्न पाइन्छ। यो धेरै खुशीको उपलब्धी हो। त्यसैले उत्पादन भनेका बुद्धिमत्ता (इन्टेलिजेन्स्) पनि हुन्। अमेरिका, चीन, दक्षिण कोरिया र ताइवानले बुद्धिमत्ता ( इन्टेलिजेन्स्) निर्यात गरेर धन आर्जन गर्दछन्।

**नेपालले रेअर अर्थ र सेमिकन्डक्टरको क्षेत्रमा पनि काम गर्नुपर्दछ :**

नेपालले विभिन्न खानी, रेअर अर्थ, सेमिकन्डक्टर, सिलिकन माइक्रोचिप्स्, सफ्टवेयर, एप्स् र इन्फरमेसन टेक्नोलोजीको क्षेत्रमा पनि काम गर्नुपर्दछ। जसले गर्दा प्रबिधिमा प्रतिभावान युवाहरुलाई प्रचुर रोजगारी प्राप्त हुनेछ। युवाहरु विदेश जान पर्दैन। यो क्षेत्रलाई नेपाली राजनीतिक पार्टीहरु र अबका सरकारहरुले प्राथमिकतामा राख्नु निक्कै जरुरी देखिएको छ। यी क्षेत्र नेपाललाई रफ्तारमा कुदाउने ड्राइभिङ फ्याक्टर हुनसक्छन्।

**नेपालीपनका उत्पादन :**

नेपालले घरेलु, कुटीर उद्योगबाट उत्पादन हुने नेपालीपनका उत्पादनहरु निर्यात गर्नुपर्दछ। ठूला उद्योगहरुले आर्थिक सम्पन्न औद्योगिक घराना र विदेशी लगानी समेट्छ। नेपालीपन भन्नाले चाहिँ खनिज पदार्थ, जडिबुटी, चिया, अलैँची, फलफूल, अन्न, रुद्राक्ष, बुद्धचित्त, तितेपाती, चिरैतो, लोक्ता, सुपारी, हातबुना कपडाहरु अनि काष्ठकला, हस्तकला, धातुकला, वास्तुकला आदि हुन सक्छन्। जसलाई हामी नेपाली शैली र सीपयुक्त आम्दानीका परम्परागत किसिमका स्रोत भन्न सक्दछौं। जसले तराईदेखि पहाड र हिमाली क्षेत्रका मध्यम र निम्न वर्ग नेपालीहरुलाई आर्थिक टेवा पुग्नेछ र धन ग्रामीण क्षेत्रसम्म पुग्न सक्दछ। साथै पर्यटन क्षेत्रलाई रिडिजाइन गरेर यसका आम्दानीका स्रोतहरुलाई विविधिकरणसहित प्रोत्साहित गर्नु पर्दछ। अनि मात्र नेपाललाई स्वीटजरल्याण्ड जस्तो स्तरमा उकास्न मद्दत पुग्दछ।

**प्रभावकारी एजेन्डाको अभाव जेन-जी आन्दोलनको रहस्य :**


सरकारहरुले वैदेशिक अनुदान तथा ऋणसहित वर्षेनी एक खर्बका दरले वार्षिक बजेट बढाउँदै आएको देखिन्छ। बीचैमा ऋण थपिएको पनि पाइन्छ जसले गर्दा ३० खर्ब नजिक देशलाई ऋणमा पारिसकिएको अवस्था छ। देशले निर्यात बढाएन र नाफा आर्जन गरेन भने ऋण लिने क्रम बढ्दै जान सक्छ। जसलाई देशले धान्न नसक्ने हुनसक्छ।

अर्को तर्फ भ्रष्टाचार चुलियो। यस्तो अवस्थामा सुधार ल्याउने योजनाहरु चाहिएको छ हाम्रो देशमा तर कुनै पनि पार्टी तथा नेताहरुले यसतर्फ विशेष ध्यान दिएका पाइँदैनन्। मात्र पार्टी र नेताका अस्तित्व जोगाउने बिजिनेशमा समय खेर गइरहेको छ। यसले देशको आर्थिक प्रगति हुने छैन। जब आर्थिक प्रगति हुँदैन देशको स्तर पनि बढ्दैन। अनि जहिल्यै छिमेकी र टाढाका शक्तिराष्ट्रहरुको हेपाइमा परिरहनु पर्दछ। जेन-जी आन्दोलनको गर्भ या रहस्य यही हो। यी सब किन भयो ? प्रमुख कारण, बिगतमा प्रभावकारी एजेन्डा तय गर्न नजान्दा यो दुर्घटना भएको हो।

**निर्वाचन अयोगद्वारा घोषणापत्र आह्वान :**

निर्बाचन आयोगले फागुन ३ गतेसम्ममा निर्वाचनमा भाग लिइरहेका राजनीतिक पार्टीहरुलाई आफ्ना घोषणापत्र पेश गर्न निर्देशन दिएको समाचार पढ्न पाइएको छ। तसर्थः निर्वाचनका प्रतिस्पर्धी राजनीतिक पार्टीहरुले माथि सुझाइएका आयामहरुलाई पनि आफ्ना धोषणापत्रमा अंकित गर्नु समयसापेक्ष र नयाँ पुस्ताको चाहना अनुरुप हुनेछ। आशा गरौं पार्टीहरु र तीनका नेताहरुले अझ राम्रा, देश र युग सुहाउँदो प्रणाली, रणनीतिसहितका एजेन्डा तय गर्नेछन्।

# मृगौला फेल हुनुअघि देखिने संकेत



कहिलेकाहीँ लक्षणहरू यति हल्का हुन्छन् कि मानिसहरूले तिनीहरूलाई बेवास्ता गर्छन्। यदि तपाई यी छ वटा लक्षणहरू मध्ये कुनै पनि लगातार महशुस गर्दै हुनुहुन्छ भने यसलाई हल्का रूपमा नलिनु होस्। यो बेवास्ताले पछि मृगौला फेल जस्ता गम्भीर अवस्था निम्त्याउन सक्छ।

मृगौला हाम्रो शरीरको एक महत्वपूर्ण अंग हो, जसले रगत शुद्ध गर्ने, शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्ने र रक्तचाप नियन्त्रण गर्ने काम गर्छ। मृगौलाको काम सुस्त हुँदा वा राम्रोसँग काम नगर्दा शरीरले केही संकेत दिन्छ। दुर्भाग्यवश, मानिसहरूले यी संकेतहरूलाई सामान्य मानेर बेवास्ता गर्छन्।

समग्रमा मृगौला रोग बिस्तारै विकसित हुन्छ र

**थकान र कमजोरी महशुस**

यो पहिलो संकेत हो। थकित र कमजोर महशुस गर्नु हो। मृगौलाले रगतलाई राम्ररी सफा गर्न नसकेपछि शरीरमा विषाक्त पदार्थ जम्मा हुन थाल्छ। यसले व्यक्तिलाई धेरै काम नगरे पनि सधैँ थकित र कमजोर महशुस गराउँछ।

**पिसाबमा समस्या**

दोस्रो संकेत पिसाबसँग सम्बन्धित समस्या हो। बारम्बार पिसाब लाग्नु, पिसाबमा जलन हुनु, यसको रंग गाढा वा फेनयुक्त हुनु। यी सबै लक्षणहरूले मृगौला फेल भएको संकेत गर्न सक्छन्। यदि पिसाबमा रगत देखियो भने यो अझ गम्भीर लक्षण हुन सक्छ।

**अनुहार, आँखा वा खुट्टा सुन्निने**

तेस्रो सामान्य लक्षण भनेको अनुहार, आँखा वा खुट्टा सुन्निने हो। मृगौलाले शरीरबाट अतिरिक्त पानी निकाल्न नसकेपछि त्यो शरीरमा जम्मा हुन थाल्छ। यसको प्रभाव विशेष गरी बिहान आँखा मुनि सुन्निने वा खुट्टामा भारीपनको रूपमा देखिन्छ।

**भोक नलाग्ने**

चौथो संकेत भोक नलाग्नु र वाकवाकी लाग्नु हो। रगतमा फोहोर पदार्थको मात्रा बढ्दा पाचन प्रणालीमा असर पर्छ। यसका कारण व्यक्तिको खानामा रुचि घट्छ, वाकवाकी लाग्न थाल्छ र कहिलेकाहीँ बान्ता पनि हुन सक्छ।

**चिलाउने र छाला सुख्खा हुनु**

पाँचौं लक्षण छालामा चिलाउने र सुख्खापन हो। मृगौलाले खनिज र पोषकतत्वको सन्तुलन कायम राख्न नसक्दा छालामा असर पर्छ। लगातार चिलाउने, सुख्खा छाला र रातो दाग यसको लक्षण हुन सक्छ।

**सास फेर्न गाह्रो**

छैटौं र गम्भीर लक्षण भनेको सास फेर्न गाह्रो हुनु हो। मृगौला फेल हुँदा शरीरमा पानी जम्मा हुन सक्छ, जसले फोक्सोमा दबाब दिन्छ। यस बाहेक रगतमा अक्सिजनको मात्रा कम हुँदा सास फेर्न गाह्रो हुन सक्छ।

**मृगौलाको स्वास्थ्यको यसरी ख्याल गर्नुहोस्**

मृगौला स्वस्थ राख्न प्रशस्त पानी पिउने, धेरै नुन र प्याक गरिएको खानेकुरा नखाने, रक्तचाप र मधुमेह नियन्त्रणमा राख्ने, चिकित्सकको सल्लाह बिना पेनकिलर वा अन्य औषधि सेवन नगर्ने।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** मनमा खटपटी पैदा हुने समय छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** आजको दिन अनुकूल रहेको छ, अचानक यात्राको योग रहेको छ, खर्च हुने समय छ, स्वास्थ्यमा विशेष ध्यान दिनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** आज तपाईलाई नयाँ वस्त्र प्राप्तीको योग रहेको छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्त होला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** काम बन्ने योग छ, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** बोलिको प्रभावले आयआर्जनमा फाइदा हुनेछ, प्रियजनसँग भेट हुने समय छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** आज तपाईले क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।

**मिति २०८२/११/०३ आइतबारको सुनचाँदी मूल्य**



छापावाला
सुन प्रति तोला
रु. ३,०५,८००।-



चाँदी
प्रति तोला
रु. ४,९८५।-

# इक्यानका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा सम्मान



**बिर्तामोड, फागुन ३।** देश विकासको पहिलो आधार नै शिक्षा भएकाले शिक्षाको विकास गर्दै शैक्षिक क्षेत्रलाई अघि बढाउनुपर्ने झापाको बिर्तामोडमा भएको एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् ।

नेपाल शैक्षिक परामर्श संघका नवनिर्वाचित पदाधिकारीहरुलाई बधाई तथा शुभकामना कार्यक्रममा सहभागी वक्ताहरुले नेपालको संविधानले नै शिक्षालाई प्राथमिकतामा राखेकाले कुनै पनि नागरिकले उच्च शिक्षा अध्ययनका लागि विश्वका जुनसुकै स्थानमा पनि जान सक्ने बताएका छन् । उनीहरुले विदेशमा सिकेका सीप र ज्ञानलाई नेपालमै आएर उदाहरणीय काम समेत भइरहेकाले अध्ययनका लागि विदेश जाने विद्यार्थी नेपाल फर्किदैनन् भन्ने भाष्य गलत भएको बताएका छन् ।

नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाले आयोजना कार्यक्रममा बोल्दै इक्यान केन्द्रका अध्यक्ष लक्ष्मण (एन्ड्रियु) पौडेलले शैक्षिक परामर्श क्षेत्रलाई व्यवस्थित गर्दै अघि बढ्ने बताए । उनले शैक्षिक परामर्शका क्षेत्रमा काम गर्नेहरुलाई राज्यले विभिन्न बहानमा अंकुश लगाउने काम भइरहेको भन्दै शैक्षिक क्षेत्रको विकासका लागि राज्य जिम्मेवार बन्नुपर्ने बताए ।

उनले शैक्षिक परामर्शका क्षेत्रका समस्यालाई समाधान गर्दै शैक्षिक परामर्श व्यवस्थित गर्ने प्रतिबद्धता जनाए । उनले विश्वका जुनसुकै विश्वविद्यालयमा सिकेका सीप र ज्ञानलाई स्वदेशमा नै प्रयोग गर्न सकेमा देशको विकास र समृद्धिलाई अघि बढाउन सकिने बताए । कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरुले शैक्षिक क्षेत्रको विकासका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा इक्यान केन्द्रका निर्वतमान अध्यक्ष शेषराज भट्टराईले शैक्षिक परामर्श क्षेत्रको समस्या समाधन गर्दै यस क्षेत्रलाई व्यवस्थित गर्न केन्द्र लागि परेको बताए । उनले शैक्षिक परामर्श क्षेत्रलाई राज्यले गलत तरिकाले भाष्य बनाएकाले त्यसलाई चिर्न जरुरी रहेको बताए । उनले भने- 'वैदेशिक अध्ययनमा यति रकम बाहिरियो, भन्ने काम हुन्छ तर, विदेश गएका विद्यार्थीले कति रकम भित्र्याए भन्ने यकिन तथ्याङ्क राज्य संग छैन् ।' विदेश अध्ययनका लागि गएका विद्यार्थीहरु नेपाल फर्किएर गरेका कामहरुको विषयमा समेत राज्यले खोज्नुपर्ने बताए । विदेश अध्ययन गरेर आएका विद्यार्थीले शैक्षिक क्षेत्रमा गरेको कामको मूल्याङ्कन गर्नुपर्ने धारणा व्यक्त गरे ।

इक्यान झापाका संस्थापक अध्यक्ष एवम् प्रमुख सल्लाहकार सुमन शर्मा जमरकट्टेलले शैक्षिक क्षेत्रका समस्यालाई समाधान गर्दै यसको विकासका लागि इक्यान केन्द्रले मुख्य भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गरे । शैक्षिक परामर्श क्षेत्रमा देखिएका विकृतिलाई अन्त्य गर्दै यो क्षेत्रलाई व्यवस्थित र सम्मान जनक क्षेत्रका रुपमा परिचत गराउन इक्यान केन्द्रको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गरे ।

इक्यान झापाका निर्वतमान अध्यक्ष रोशन सुवेदीले शैक्षिक परामर्श क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न इक्यान केन्द्रले शिक्षा मन्त्रालय तथा सरकारसँग समन्व्य गरेर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे । उनले इक्यान झापाले भोगि रहेका समस्यालाई समेत केन्द्र समक्ष प्रस्तुत गरेका थिए । सानो कामका लागि पनि विद्यार्थी काठमाडौंसम्म धाउनुपर्ने बाध्यताको अन्त्यका लागि पहल गर्नुपर्ने विचार गरे ।

इक्यान झापाका अध्यक्ष राजकुमार कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरुलाई बधाई तथा शुभकामनासहित सम्मान गरिएको थियो ।

सोही अवसरमा इक्यान झापाको स्थापनादेखि हालसम्म पनि विभिन्न माध्यमबाट सहयोग गर्नुका साथै इक्यान केन्द्रको नेतृत्व गर्दा झापा शाखालाई पुऱ्याएको सहयोग प्रति आभार ब्यक्त गर्दै निर्वतमान अध्यक्ष शेषराज भट्टराईलाई दोसल्ला ओडाएर इक्यान झापाको तर्फबाट सम्मान गरिएको थियो ।

इक्यान झापाका उपाध्यक्ष अशोक भण्डारीले स्वागतसहित कार्यक्रमको औचित्य माथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन सचिव विशाल सिटौलाले गरेका थिए ।

## कला र साहित्यको सुदृढीकरणमा जोड

**विराटनगर, फागुन ३।** कोशी प्रदेशस्तरको ललितकला प्रदर्शनी अन्तर्गत विराटनगरमा चित्रकला र कविताको विशिष्ट सृजनात्मक सङ्गम आयोजना गरिएको छ ।

विराटनगरस्थित मारवाडी सेवा सदनमा सञ्चालन भइरहेको उक्त प्रदर्शनीको अवसरमा चित्रकलामा आधारित कविता वाचन कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । प्रदर्शनीका क्रममा अघिल्लो दिन वरिष्ठ कलाकारहरूद्वारा सिर्जना गरिएका चित्रहरूलाई आधार मानेर प्रतिष्ठित कविहरूले आफ्ना रचनात्मक कविताहरू वाचन गरेका थिए ।

कार्यक्रममा कलाकार युवराज रिजालको चित्रमा लक्ष्मणकुमार नेवटिया, गणेश लामाको चित्रमा हरि कट्टेल, नर श्रेष्ठको चित्रमा अञ्जु अश्रु, कुन्दन श्रेष्ठको चित्रमा शुभलक्ष्मी लम्साल, प्रेम केसीको चित्रमा रमेशचन्द्र अधिकारी र दत्त प्रमोदको चित्रमा राजेन्द्र गुरागाँईले आफ्ना कविताहरू प्रस्तुत गरेका थिए ।

त्यसैगरी डिल्लीकृष्ण आलेको चित्रमा लक्ष्मी रायमाझी, प्रकाश चौधरीको चित्रमा रञ्जना भट्टराई, उद्धव गुरुङको चित्रमा लक्ष्मी पोखरेल तथा छितेन शेर्पाको चित्रमा कविता केशरीले काव्यिक प्रस्तुति दिएका थिए । तिलक राईको चित्रमा मीनकुमार नवोदित र सञ्जु थापा मगरको चित्रमा सरिता तुलाधरले सिर्जनाहरू प्रस्तुत गरे ।

कार्यक्रममा सञ्जय सयलको चित्रमा धीरज राई, अरुणा हिङमाङको चित्रमा भीम कोइराला, आयुषाको चित्रमा कारी मण्डल, शिव छाङ्छा राईको चित्रमा चिरञ्जीवी काफ्ले, यशोदाकुमारी सिंहको चित्रमा चूडामणि नेपाल अकिञ्चन, विष्णुकुमार थापा (कुमार सानु)को चित्रमा पूजा बहार, भीम पुरीको चित्रमा निर्मला नेपाल र डिवी राईको चित्रमा कवि सुजाता राईले कविता वाचन गरेका थिए ।

पाँच दिनसम्म सञ्चालन हुने यस प्रदर्शनीमा हरेक दिन कला र साहित्यसँग सम्बन्धित पृथक सत्र सञ्चालन भइरहेका छन् । चित्रकला, साहित्य र समकालीन विमर्शलाई एउटै मञ्चमा उभ्याउने उद्देश्यका साथ यो कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्राडा विजुकुमार थपलियाले भौतिक पूर्वाधारको विकाससँगै भाषा, साहित्य र कलाको विकास अपरिहार्य रहेको बताए ।

## नगरपालिकाद्वारा अनुदानमा मौरीसहितका घार वितरण



**संखुवासभा, फागुन ३।** सङ्खुवासभाको खाँदबारी नगरपालिकाले कृषकको आयआर्जन वृद्धि र व्यावसायिक मौरीपालन प्रवर्द्धन गर्ने उद्देश्यले अनुदानमा मौरीसहितका घार वितरण गरेको छ ।

आत्मनिर्भर बनाउने उद्देश्यले खाँदबारी नगरपालिकाभित्रका कृषकलाई घारसहितका मौरी वितरण गरिएको छ । कृषकको आयआर्जन वृद्धि र व्यावसायिक मौरीपालन प्रवर्द्धन गर्ने उद्देश्यले खाँदबारी नगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषकलाई मौरीसहितका घार वितरण गरेको हो ।

कार्यक्रमबीच नगरपालिकाले ९० मौरीसहितका घार कृषक समूह तथा कृषकलाई हस्तान्तरण गरेको खाँदबारी नगरपालिका नगरप्रमुख महेश थपलियाले बताए । मौरीपालनलाई वैकल्पिक मात्र नभई मुख्य आम्दानीको स्रोतका रूपमा विकास गर्न नगरपालिकाले मौरीसहितका घार वितरण गरेको उनको भनाइ छ ।

नगरपालिकाले मौरी प्रवर्द्धन अन्तर्गत प्रतिघार रु.१० हजार आठ सय लागतमा कृषकलाई मौरीसहितका घार उपलब्ध गराइएको हो । कृषकले ५० प्रतिशत मात्र व्यहोर्नु परेको छ । बाँकी रकम नगरपालिकाले अनुदान स्वरूप उपलब्ध गराएको हो यो कार्यक्रमबाट विशेषगरी साना तथा मझौला कृषक प्रत्यक्ष लाभान्वित भएका छन् ।

आर्थिक वर्ष २०८२/०८३ मा मौरीपालन प्रवर्द्धन कार्यक्रमका लागि नगरसभाबाट रु. छ लाख विनियोजन भएको र बाँकी रहेको रकमले मौरीपालक कृषकलाई तालिम प्रदान गरिने कृषि शाखाले जनाएको छ ।

## सीतारामको सभा

**चारआली, फागुन ३।** स्थानीय सीताराम सामुदायिक अंग्रेजी माविको १४औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष नरेन्द्र घिमिरेको सभापतित्वमा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि मेचीनगर-१४ का वडाध्यक्ष बाबुलाल सुब्बा रहेका थिए ।

कार्यक्रममा मनकामना क्याम्पस बिर्तामोडका क्याम्पस प्रमुख प्रेमप्रसाद भट्टराई लगायतको आतिथ्य रहेको थियो । विद्यालयका प्रिन्सिपल राजेश निरौलाले सहजीकरण गरिएको कार्यक्रममा स्वागत जीवन प्रसाईंले गरेका थिए ।

कार्यक्रममा लेखा परीक्षण प्रतिवेदन लेखा समिति संयोजक घनश्याम सेढाईले प्रस्तुत गरेका थिए भने सोही अवसरमा पाँच जना ज्येष्ठ शेयर सदस्यहरूलाई सम्मान गरिएको थियो ।

सम्मानित हुनेहरूमा बलराम कडरिया, भक्तिप्रसाद शिवाकोटी, होमनाथ आचार्य, रमेशकुमार कार्की र वीरकुमार लिम्बू रहेका छन् । कुल एक सय १३ जना शेयर सदस्यको सहभागितामा कार्यक्रम सम्पन्न भएको टेकेन्द्र ढकालले जानकारी दिए ।


**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला ।
साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं.
९८४४६८५६००
९८१६०४९८००

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**विशेषज्ञ डाक्टरहरूको सेवा अब**
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ ।
साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै
बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २X२ जिप्सन तथा २X२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com


**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा, कोशी प्रदेश**

### मिटमार्ट स्थापना सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८२/१०/२९**

आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिटमार्ट कार्यक्रम सञ्चालन गर्न तोकिए बमोजिमको शर्तहरु पालन गरी साझेदारी गर्न इच्छुक मासु व्यावसायीहरुले सूचना प्रकाशित भएको मितिले ३०औं दिनभित्र कार्यालय समयमा अर्जुनधारा नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखामा प्रस्ताव पेश गर्नहुन सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजात तथा शर्तहरु :**

१. निवेदन (अनुसूची २ वमोजिम पेश गर्नुपर्नेछ ।)
२. वडा कार्यालयको सिफारिस
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा र ऐलेनी भए वडा कार्यालयको सिफारिस
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपि
५. सडक किनारबाट १० मिटर टाढा हुनुपर्नेछ ।
६. मन्दिर वा स्कूल, कलेज क्षेत्र नभएको हुनुपर्नेछ ।
७. व्यावसायको प्रमाण-पत्रको प्रतिलिपि ।
८. पान नं. को प्रतिलिपि
९. कर चुक्ताको प्रतिलिपि
१०. स्व घोषणा-पत्र पेश गर्नुपर्नेछ ।

**अनोजकुमार घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**


DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पाट्र्स एण्ड सर्भिसिङ्ग सेन्टर**
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिंदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोटः यहाँबाट नि:शुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra